# नारायणी मेमोरियल फाउण्डेसन

# (NAME FOUNDATION)

## असहाय अनाथ अशक्त मेधावी शैक्षिक छात्रवृत्ति सम्बन्धी निर्देशिका २०७८

नारायणी मेमोरियल फाउण्डेसन (NAME FOUNDATION) को विधानले व्यवस्था गरेको छात्रवृत्ति सम्बन्धी व्यवस्थाको कार्यान्वयनको लागि विधानले दिएको अधिकार प्रयोग गरी यो नारायणी मेमोरियल फाउण्डेसन असहाय अनाथ अशक्त मेधावी शैक्षिक छात्रवृत्ति निर्देशिका २०७८ बनाइ लागू गरिएको छ ।

१. यो निर्देशिका कार्यसमितिले पारित गरेको मितिबाट लागू हुनेछ ।

२. निर्देशिका कार्यान्वयनका लागि संस्थाले पाँच सदस्सीय छात्रवृत्ति समिति गठन गर्न सक्नेछ ।

३. छात्रवृत्ति समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।

   क) संस्थाको अध्यक्ष वा कार्यसमितिले तोकेको उपाध्यक्ष वा सचिव मध्ये एक जना – संयोजक

   ख) संस्थाको सह-सचिव – सदस्य

   ग) कार्यसमितिले तोकेको शिक्षाप्रेमी मध्येबाट एक जना – सदस्य

   घ) कार्यसमितिले तोकेको आधारभुत तथा माध्यमिक विद्यालयका शिक्षकहरु मध्येबाट दुईजना – सदस्य

४. छात्रवृत्ति समितिले संस्थाको कुनै पदाधिकारी, अन्य शिक्षाप्रेमी वा विज्ञलाई आमन्त्रितका रुपमा बोलाउन सक्नेछ ।

५. छात्रवृत्ति समितिले संस्थाको कार्यालय रहेको नगरपालिकाको शिक्षा समन्वय समितिको प्रमुखलाई विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

६. छात्रवृत्ति समितिका कार्यहरु देहाय बमोजिम हुनेछन् :

   क) संस्थाको उद्देश्य अनुरुप प्रदान गरिने छात्रवृत्तिका लागि विद्यालयहरूको पहिचान गर्ने । यसरी पहिचान गर्दा कम्तीमा दशवटा विद्यालयहरुको सूचि तयार गर्ने । तर कुनै छात्रवृत्तिदाताले आफ्नो नाममा वा निजको पूर्वजको सम्मान एवम् सम्झनामा स्थापित छात्रवृत्ति कुनै विद्यालयलाई प्रदान गरिपाउँ भनि अनुरोध गरेमा उक्त विद्यालयलाई समावेश गर्न सकिने ।

   ख) पहिचान गरिएका बिद्यालयहरुमा अनुसूचि बमोजिमका आवश्यक फारमहरु वितरण गर्ने सूचिकृत बिद्यालयहरु मध्येबाट यस निर्देशिकाको दफा ७ बमोजिम असहाय, अनाथ, अशक्त एवं मेधावी विद्यार्थी सम्बन्धी सूचना र विवरण संकलन गर्ने ।

ग) संकलित विवरण मध्येबाट विधानमा उल्लेखित शर्तमा प्रदान गरिने छात्रवृत्तिका लागि विद्यार्थीहरूको छनौट गर्ने ।

घ) छनौट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्नको लागि संस्थामा सिफारिश गर्ने ।

ङ) छात्रवृत्ति आवेदन सम्बन्धमा स्थानिय एफ.एम. वा पत्रपत्रिका मार्फत सूचना संम्प्रेषण गर्न सकिनेछ ।

७. छात्रवृत्ति प्रदान गर्ने विद्यार्थीहरूको छनौटका लागि सिफारीश गर्दा छात्रवृत्ति समितिले देहायका आधारहरुलाई अवलम्बन गरि प्राथमिकताक्रममा सूचिकृत गर्नेछ :

क) कुनै छात्रवृत्तिदाताले आफ्नो नाममा वा निजको पूर्वजको सम्मान एवम् सम्झनामा स्थापित छात्रवृत्ति कुनै नीजि तथा संस्थागत विद्यालयको तोकिएको कक्षालाई प्रदान गरिपाउँ भनि अनुरोध गरेमा बाहेक छानिएको विद्यार्थी सामुदायिक विद्यालयमा कक्षा ७ देखि १२ सम्म अध्ययन्रत हुनुपर्ने ।

ख) सम्भव भएसम्म न्युन आर्थिक स्रोत भएका आमा बुवा दुबै वा आमा वा बुवा गुमाएका असहाय, अनाथ, अशक्त विद्यार्थी हुनुपर्ने ।

ग) आमा वा बुवा भएपनि आमा बुवाबाट परित्याक्त (Deprived from Parents) विद्यार्थीलाई प्राथमिकता दिइने ।

घ) संरक्षक एवं अभिभावकको अन्य आयस्रोत भए नभएको यकिन गरी अभिभावक एवं संरक्षकको आर्थिक स्रोतलाई समेत आधार बनाइने ।

ङ) विद्यार्थी मेधावी र पढाइमा रुचि भएको यकिन गरिने ।

च) न्युन आर्थिक स्रोत भएका सिमान्तकृत, पिछडिएका एवं दलित समुदायका आमा वा बाबु गुमाएका मेधावी विद्यार्थीलाई प्राथमिकता दिइने ।

छ) उपरोक्त आधार र सिमाभित्र नपरेका विद्यार्थीहरु छनौट गर्नुपर्दा सो को आधार र कारण प्रष्ट रुपमा खुलाउनु पर्ने ।

८. विद्यार्थीहरुलाई छनौट गर्दा प्रथम वर्ष संभव भएसम्म कक्षा ७ देखि ९ सम्मका विद्यार्थीहरुलाई छनौट गरिनेछ । द्धितीय वर्षदेखि अन्य कक्षाका विद्यार्थीलाई समेत छनौट गरी छात्रवृत्ति प्रदान गरिनेछ । संस्थाको आयस्रोत बढ्दै गएमा यो संख्यालाई बढाउन र क्याम्पस स्तरका विद्यार्थीलाई समेत प्रदान गर्न सकिनेछ ।

९. छात्रवृत्ति प्रदान गर्ने प्रक्रिया :

क) यस संस्थाले निर्धारण गरेको अनुसूचि बमोजिमको फारम भरी आवेदकले संस्था समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

ख) प्राप्त निवेदन उपर छलफल गरी छात्रवृत्ति समितिले दफा ७ बमोजिमको योग्यता र प्राथमिकताक्रमको सूचि तयार गर्नेछ ।

ग) छात्रवृत्ति समितिले सूचिकृत नामावली मध्येबाट संस्थाले निर्धारण गरेको संख्याको अधिनमा रही छात्रवृत्तिका लागि उपयुक्त विद्यार्थीहरुको नाम कार्यसमिति समक्ष सिफारीश गर्नेछ । यसरी सिफारीश गर्दा सो वर्षको लागि निर्धारित कोटा भित्र पर्न नसकेको तर अर्को वर्षको कोटाको लागि उपयुक्त देखिएमा सो समेत खुलाउनु पर्नेछ ।

घ) छात्रवृत्ति समितिले सिफारीश गरेको सूचिलाई आधार मानी कार्यसमितिले छात्रवृत्तिको अन्तिम सूचि प्रकाशन गरी सम्बन्धित अभिभावक एवम् विद्यालयलाई सूचित गर्नेछ ।

ङ) कार्यसमितिले निर्धारण गरेको वार्षिक छात्रवृत्तिको रकम विद्यार्थीको शैक्षिकसत्र सुरु भएको समयमा ६०% र ६ महिनापछि बाँकी ४०% प्रदान गरिनेछ । यसरी प्रदान गरिने रकम सम्भव भएसम्म सम्बन्धित विद्यालयका प्रधानाध्यापक वा कक्षा शिक्षकको रोहवरमा निजको आमा/बाबु, संरक्षक वा अभिभावकलाई प्रदान गरिनेछ ।

च) छात्रवृत्ति प्रदान गरिने विद्यार्थीहरुलाई समय-समयमा छात्रवृत्ति समिति वा कार्यसमितिले तोकेको छात्रवृत्ति समितिका सदस्यले विद्यार्थीको पढाईको अवस्थाबारे अभिभावक एवं विद्यालयसँग सूचना लिन सक्नेछ ।

छ) एकपटक प्रदान गरेको छात्रवृत्तिलाई विद्यार्थीको पढाइ सन्तोषजनक भएमा र अभिभावकको चाहना समेतलाई मध्यनजर राखी निरन्तरता दिइनेछ । तर पढाइ सन्तोषजनक नभएमा वा छात्रवृत्तिको दुरुपयोग भएको पाइएमा चालु शैक्षिक सत्र पूरा भएपछि छात्रवृत्ति अन्त्य गर्ने अधिकार संस्थामा निहित रहनेछ ।

१०. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुलाई समितिले वर्षमा एकपटक भेला गराई एक अर्का बीच परिचय गराई निजहरूको व्यक्तित्व विकास सम्बन्धी अनुशिक्षण कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

११. संस्थाले वर्षमा एकपटक छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी एवम् अभिभावकहरुलाई आमन्त्रण गरी पढाइको स्थिती, पढाइमा देखिएका समस्या लगायतका विवरण संकलन लगायत मनोरञ्जनात्मक कार्यक्रम आयोजना गर्न सक्नेछ । सो कार्यक्रममा संभव भएसम्म विद्यालयका प्रतिनिधिलाई समेत अतिथिको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

१२. यो निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र सो बाहेक छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था गर्नु परेमा कार्यसमितिको निर्णय बमोजिम हुनेछ ।

१३. छात्रवृत्ति सम्बन्धी निवेदन एवम् अन्य ढाँचा अनूसुचि १, अनूसुचि २ र अनूसुचि ३ बमोजिम हुनेछ ।